# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, सुदुर पश्चिम प्रदेश, गुलरिया कञ्चनपुर कार्तिक १६ गते शुक्रबार, २०७५ साल संख्या : १६

भाग :- ३

## “घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को संशोधन गर्ने कार्यविधि, २०७५

“घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ संशोधन गर्न वान्छनीय भएकोले नगर कार्यपालिकाले देहाय बमोजिम संशोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को संशोधन गर्ने कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. मूल कार्यविधिको दफा ३ को उपदफा (३) पछि देहाय बमोजिम वाक्यांश थपिएका छन्ः

“(४) यस नगरपालिकामा आवेदन दिने साविकको जिल्ला विकास समितिको कार्यालयबाट जारी इजाजतपत्रहरुको इजाजतपत्र नवीकरणका हकमा यस नगरपालिकाको कार्यविधिको अनुसूची ५ बमोजिमको मापदण्ड पुगेको पाइएमा नवीकरण गर्न सकिनेछ।"

३. मूल कार्यविधिको अनुसूची ५ मा “ट्रिपर/टयाक्टर (एक/एक थान)" भन्ने शब्दहरुलाई परिमार्जन गरी “टिप्पर वा ट्याक्टर थान १" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले

मेघनाथ रिजाल

प्रमुख प्रशासकीय अधिकृत